स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षा राउत पछिल्लो समयको चलेकी अभिनेत्री हुन् । उनले निर्वाह गरेका भूमिका दर्शक माझ लोकप्रिय छन् । थुप्रै फिल्म गरिसकेकी उनी पछिल्लो समय भने 'महाजात्रा'को कारण चर्चामा छिन् । 'महाजात्रा' हिट फिल्म 'जात्रा'को तेस्रो सिक्वेल हो । पहिलो र दोस्रो झैं तेस्रो सिक्वेलमा पनि उनले विपिनको अपोजिटमा निरन्तरता पाएकी छन् । अहिलेको 'महाजात्रा'मा पनि उनको चरित्र त्यही हो । सम्पदा एउटा असल र इमानदार महिलाको भूमिका भएकोले आफूले निरन्तरता दिएको उनी बताउँछिन् ।

आजको विचार...

राष्ट्रिय...
(दुई पेजमा)

खगेन्द्रराज सिटौला

अभिनेता सलोन बस्नेत र पत्नी करिश्मा 'पेरेन्टहुड' सेलिब्रेसन गरिरहेका छन् । सन्तान स्वागतको तयारीमा जुटेका उनीहरुले सामाजिक सञ्जालबाट रमाइला पल सार्वजनिक गरिरहेको देख्न सकिन्छ । चिकित्सकले वैशाख २७ गतेलाई डेलिभरी डेट तोकेको सलोनको भनाइ छ । यो लाइफटाइम खुसीलाई लिएर यी दुईजना यतिबेला प्रफुल्ल पनि छन् । उनीहरुले 'प्रेग्नेन्सी' फोटोसुट पनि गरे । यी रोमान्टिक तस्वीरमा करिश्माको 'बेबी बम्प' देख्न सकिन्छ । जिन्स पहिरनमा यी दुई जोडी रोमान्टिक र कुल देखिएका छन् ।

☐ वर्ष २९ ☐ अंक २२५ ☐ २०८० चैत १ गते बिहीबार 14 March 2024, Thursday ☐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

विमान दुर्घटनामा १५ को मृत्यु

रासस/एएनआई)

मस्को, फागुन ३०/द न्युयोर्क पोस्टले रिपोर्ट गरे अनुसार मंगललबार मस्कोको उत्तरपूर्वी इभानोभो क्षेत्रको कब्रिस्तान नजिकै रूसी सैन्य कार्गो विमान दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको छ । न्युयोर्क पोस्टले रूसको रक्षा मन्त्रालयलाई उद्धृत गर्दै उडानपछि विमानको एउटा इन्जिनमा आगो लागेपछि आइएल-७६ विमान जङ्लमा खसेको जनाएको छ ।

सैन्य कार्गो विमान दुर्घटना हुँदा जहाजमा आठ जना चालक दलका सदस्य र सात यात्रु सहित १५ जना थिए । अझैसम्म यात्रुहरूको परिचय तथा गन्तव्य भने स्पष्ट हुन सकेको छैन । न्युयोर्क पोस्टले टेलिग्राम च्यानल-११२ मा सप्रेषण गरिएको फुटेजमा विमानको एउटा इन्जिनमा आगो लागेको र तीव्र गतिमा उचाइ गुमाएको देखाइएको रिपोर्ट गरेको छ । अनलाइन समाचार माध्यामहरूले दुर्घटनामा पर्ने सबैको मृत्यु भएको रिपोर्ट गरेका छन् । इन्जिनमा आगलागी लागेका कारण दुर्घटनाको भएको मन्त्रालयले एक विज्ञप्ति जारी गरी जानकारी गराएको छ । चालकहरूले आपतकालीन अवतरणका लागि एयरफिल्डमा फर्कने प्रयास गरेपनि उनीहरूको उक्त प्रयास सफल नभएको मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री दाहालले मत पाए, विश्वास घट्यो

हाम्रा संवाददाता

पाल्पा, फागुन ३०/काँग्रेससँगको गठबन्धन त्यागेर एकाएक एमाले सहितका दलहरुसँग मिलेर सरकार गठन गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तेस्रो पटक विश्वासको मत लिएका छन् । प्रधानमन्त्री दाहालले बुधबार प्रतिनिधिसभाबाट विश्वासको मत लिएका हुन् । सत्तारुढ गठबन्धनलाई प्रधानमन्त्री आफैंले परित्याग गरी अर्कै समीकरणमा लागेपछि प्रधानमन्त्री दाहालले १५ महिनामा तेस्रो पटक संसद्रुबाट विश्वासको मत लिनुपर्ने अवस्था आएको हो ।

एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादीको पाँच दलीय गठबन्धनको बलमा उनले विश्वासको मत प्राप्त गरे । उपस्थित २ सय ६८ सांसद मध्ये १ सय ५७ जनाले दाहालको पक्षमा मत दिए । १ सय १० जनाले विपक्षमा मत दिए । मत दिन्नँ भन्ने एक जना थिए । कांग्रेस, जनमत, लोसपा, राष्ट्रिय जनमोर्चाले प्रधानमन्त्री दाहाललाई मत दिन चाहेनन् । प्रचण्डले सरकारको निरन्तरताका लागि आवश्यक मत प्राप्त गरे पनि उनीप्रतिको विश्वासमा भने भारी मात्रामा कमी आएको छ । २६ पुसमा भएको मतदानमा प्रतिनिधि सभाका २ सय ६८ सांसदको विश्वास प्राप्त गरेका प्रचण्डको पक्षमा विश्वास क्रमश: घट्दै गएको छ । गत पुस १० गते प्रधानमन्त्री नियुक्त हुँदा दाहालले संसदको ९९ प्रतिशत बढी मत पाएका थिए । २०७९ पुस २६ मा उनले उपस्थित २ सय ७० सांसदमध्ये २ सय ६८ मत पाएका थिए । त्यस्तै दोस्रोपटक उनले २०७९ चैत ६ गते विश्वासको मत लिए । नेकपा एमालेसँगको गठबन्धन तोडेर नेपाली कांग्रेससँग सत्ता सहकार्य गरेका प्रधानमन्त्री दाहालले दोस्रोपटक १ सय ७२ मत पाएका थिए । उपस्थित २ सय ६२ सांसदमध्ये त्यतिबेला ८९ जनाले विपक्षमा मतदान गरेका थिए भने १ जना तटस्थ बसेका थिए । अघिल्ला दुईपटकको हिसाब गर्ने हो भने प्रधानमन्त्री दाहालको मत निरन्तर घटिरहेको छ । पहिलोपटक साना दुई दललेमात्र विपक्षमा मतदान गरेका प्रधानमन्त्री दाहाललाई यसपटक नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत,लोकतान्त्रिक समाजवादी पार्टीलगायत पार्टीले विश्वासको मत दिएनन् । गत फागुन २१ गते कांग्रेससँगको गठबन्धन भत्केपछि प्रधानमन्त्रीले फेरि विश्वासको मत लिएका हुन् । कांग्रेसले समर्थन फिर्ता लिएपछि संवैधानिक प्रावधान अनुसार दाहालले विश्वासको मत लिनु परेको हो ।

महोत्सवमा उत्कृष्ट हुनेहरु पुरस्कृत

पाल्पा, फागुन ३०/तानसेनको टुँडिखेलमा जारी प्रथम तानसेन महोत्सवमा स्थानीय कला संस्कृति तथा कृषि प्रदर्शनी लगायत विभिन्न विद्यामा उत्कृष्ट भएका व्यक्ति/संघ संस्था तथा विद्यालयहरुलाई प्रमाणपत्र सहित नगद रकमबाट पुरस्कृत गरिएको छ । तानसेन नगरपालिकाको मुख्य आयोजनामा कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार तानसेन महोत्सव २०८० भन्ने मुल नाराका साथ फागुन १९ गतेदेखी सञ्चालन गरिएको महोत्सवमा उत्कृष्ट प्रदर्शन गर्नेहरुलाई पुरस्कृत गरिएको हो ।

कृषि प्रदर्शनीतर्फ तानसेन नगरपालिका-८ को आशिष एकिकृत कृषि फर्मका सञ्चालक दुर्गाबहादुर खाण ठकुरीको १६० किलोको बोकाले प्रथम पुरस्कार हासिल गरी नगद २५ हजार पाएको छ । यसैगरी कृषि प्रदर्शनीमा सोही स्थानकै सुन्तला प्रदर्शनीबाट लुकराज भट्टराई द्वितीय भएका छन् । भट्टराईले द्वितीय पुरस्कारको रुपमा नगद १५ हजार रुपैयाँ पाएका छन् । यसैगरी अदुवा प्रदर्शनीमा तानसेन नगरपालिका वडा १० का हुमी राना र कमला तिमिल्सीना तृतीय भएका छन् । दुबैजनालाई नगद पाँच/पाँच हजार पुरस्कार प्रदान गरिएको छ । यसैगरी स्थानीय कला संस्कृतितर्फ एकल लोकगीत प्रतियोगितामा चितवन भरतपुरका सन्देश चापागाई प्रथम भई नगद २५ हजार पुरस्कार पाएका छन् भने स्याङ्जाका आशिष परियार द्वितीय भई नगद १५ हजार पुरस्कार पाएका छन् । तृतीयमा रैनादेवी छहरा गाउँपालिकाका राजन थापा क्षेत्रीले नगद १० हजार पुरस्कार पाएको नगर उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले बताइन् ।

(...बाँकी अन्तिम पेजमा)

'रक्तसञ्चार केन्द्र स्थापना गर्न स्थानीय सरकारको सहयोग आवश्यक'

कृष्ण पोखरेल

पाल्पा, फागुन ३०/पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले रक्तसञ्चार केन्द्र स्थापनाका लागि स्थानीय सरकारको आवश्यक रहेको बताएका छन् । नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाको ४६ औं साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै उनले रेडक्रस एक्लैले रक्तसञ्चार केन्द्र स्थापना गर्न कठिन हुने भन्दै जिल्लाका सबै स्थानीय सरकारको सहयोग आवश्यक रहने बताएका हुन् ।

विपद् तथा मानव सेवामा काम गर्ने एक मात्र संस्था रेडक्रस भएकाले सबैले सहयोग गर्नुपर्नेमा प्रजिअ काफ्लेले जोड दिए । रेडक्रसले कुनै भेदभाव नगरी निष्पक्ष रुपमा काम गर्ने नीति नियम भएकाले सरकारी तथा गैरसरकारी पक्षबाट पूर्ण सहयोग हुनुपर्ने उनले बताए । प्रजिअ काफ्लेले भने 'पाल्पामा निकट समयै सञ्चालन हुन लागेको रक्तसञ्चार केन्द्रलाई पूर्ण रुपमा सञ्चालन गर्नको लागि पाल्पाका दश वटै स्थानीय सरकार, विभिन्न तह र तप्कामामा प्रजिअको हैसियत समन्वय गर्छु ।' जिल्ला प्रशासन कार्यालय पाल्पाबाट रेडक्रसको लागि गर्नुपर्ने जुनसकै सहयोग, समन्वयमा कुनै कमी हुन नदिने समेत उनले प्रतिवद्धता जनाए ।

रेडक्रसका पूर्व जिल्ला सभापति पूर्णमाया महर्जनले भाषण भन्दा पनि काम गर्नुपर्ने बेला आएको बताइन् । उनले भनिन् 'पदमा बस्ने तर काम नगर्ने गर्ने राम्रो होइन, रेडक्रसमा लाग्ने व्यक्तिहरु मानव सेवा प्रति निस्वार्थ भावनाले लाग्नुपर्छ ।' कार्यक्रममा पिपलडाँडा उपशाखाका सभापति श्यामप्रसाद अर्याल, माथागढी उपशाखाका सभापति तारा रसालीले जिल्ला शाखाले उपशाखालाई बढी-बढी बलियो बनाउनुपर्ने, अधिकारहरु प्रत्यायोजन गर्नुपर्ने, उपशाखासँग जिल्ला शाखाले समन्वय गरेर काम गर्नूपर्नेमा जोड दिए ।

पछिल्लो कार्यसमितिले उपशाखाहरुलाई केहि आत्मसम्मान हुने गरी कार्यक्रमहरु गरेको, साधारणसभामा समेत उपशाखाहरुलाई बोल्ने अवसर प्रदान गरेकोमा उनीहरुले शाखालाई धन्यवाद दिए । कार्यक्रममा श्रीनगर युवा रेडक्रस सर्कलका सभापति सुदर्शन पाण्डेले समुह भित्र अधिकाशं सदस्यहरु क्याम्पसका विद्यार्थीहरु रहेकाले आफ्नो खाजा खर्च कटाएर मानव सेवामा सक्रिय रहँदै आएको बताए ।

साधारण सभामा उत्कृष्ट काम गरेकोमा श्रीनगर युवा रेडक्रस सर्कललाई नगदसहित सम्मान गरिएको छ । विशिष्ट सदस्य लिने व्यक्तिहरु साधारणसभामा सम्मानित भएका छन् । साधारण सभामा मन्त्री केवशराज नेपालले बार्षिक प्रतिवेदन र कोषाध्यक्ष सन्तोष खनालले आर्थिक प्रतिवेदन र आगामी बर्षको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए । संस्थाका सभापति बाबुराम कार्कीको अध्यक्षता, उपाध्यक्ष भिमसेन कार्कीको स्वागत, उपाध्यक्ष विनिता लुइटेलको ७ सिद्धान्त बाचन, मन्त्री केवशराज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

नयाँ अर्थमन्त्रीले सुधार्लान् अर्थतन्त्र ?

नयाँ आर्थिक वर्षका निम्ति बजेट निर्माणको तयारी भइरहँदा एकाएक सत्ता समिकरण फेरिएको छ । नयाँ समिकरण बनेपछि अर्थ मन्त्रालयको नेतृत्वमा वर्षमान पुन आएका छन् । उनी यसअघि पनि अर्थमन्त्री भइसकेका व्यक्त हुन् । २०६८ सालमा अर्थमन्त्री हुँदा मुलुकको अर्थतन्त्र जुन सहज अवस्थामा थियो । अहिले त्यो छैन । पुन निकै असजिलो बेलामा अर्थमन्त्रीको जिम्मेवारीमा आएका छन् । अर्थमन्त्रीका रुपमा उनको वास्तविक पहिचान यो पटकको जिम्मेवारीबाट हुनेछ । आर्थिक गतिविधि शिथिल भइरहेको र सरकारी राजस्व खुम्चिएका बेला अर्थ मन्त्रालयको नेतृत्व सम्हाल्न आएका पुनले अर्थतन्त्रको जटिलता फुकाउन सक्लान् ? यो सर्वत्र चासोको विषय बनेको छ । यो अप्ठ्यारोबाट पार लगाउनु उनको प्रमुख जिम्मेवारी हुनेछ । अहिले अर्थतन्त्रमा दुई प्रमुख समस्या देखिएका छन्, पहिलो सरकारको राजस्व संकलन उल्लेख्य घटेको छ । यो वर्ष बजेटले लक्ष्य राखेको राजस्व संकलन नहुने मात्रै होइन, अघिल्लो वर्षाको तुलनामा समेत कम राजस्व संकलन हुने स्थिति छ ।

अहिले जति राजस्व सङ्कलन भएको छ, त्यसले मुलुकको साधारण खर्च धान्न समेत पुगिरहेको छैन । विकासका कामका लागि सरकारले ऋण काढ्नु परेको छ । यो स्थितिले सरकारी वित्तको सन्तुलन गम्भीर अप्ठ्यारोमा फसेको देखाउँछ । सरकारी ढुकुटीमा रकम रित्तिइरहेको छ । यस्तो अवस्थामा अर्थत मन्त्रीले अर्थतन्त्रलाई सुधार गर्न गम्भीर भएर लाग्नै पर्छ । सार्वजनिक ऋणको भार दोब्बर भएको स्थिति एकातिर छ भने अर्कोतिर निजी क्षेत्रले लगानी विस्तार गर्न सकिरहेको छैन । लगानीकर्ताको आत्मविश्वास डगमगाएको छ, अर्थतन्त्र चलायमान हुन सकेको छैन । यस्तो अवस्थामा अर्थमन्त्रीले निकै सुझबुझ र परिपक्व ढंगले निर्णय गर्नुपर्छ । यी चुनौतीलाई पार लगाउनुबाट नै पुनको सामर्थ्यको परीक्षण हुनेछ । राजस्व घट्नुको मुख्य कारण आयात खुम्चिनु भएपनि यसका अन्य कारण पनि छन् । भन्सार प्रशासनमा गम्भीर विचलन आएका कारण राजस्व छलेर सामान आयात गर्ने, चोरी पैठारी गर्ने प्रवृत्ति बढेको सरकारी अधिकारीले नै बताउँदै आएका छन् । त्यसैले, राजस्व छली रोक्ने सबै उपायका लागि अर्थमन्त्रीको पहलकदमी आवश्यक छ । राजस्व छली रोक्न गृह मन्त्रालयसँग समन्वय गरी परिणाम निकाल्नुपर्ने दबाब अर्थमन्त्रीमा रहन्छ । नवनियुक्त अर्थमन्त्री पुनले चुनौतीपूर्ण अर्थतन्त्र सम्हालेर अघि बढाउन कति सक्षम हुन्छन् भन्ने कुराले उनको कार्यकालको प्रभावकारिता तय गर्छ । यसर्थ वर्तमान आर्थिक अवस्थालाई आमनागरिकले महशुस गर्ने गरी सुधार गर्न सके उनको कार्यकाल सफल भएको मान्न सकिने छ ।

Opinion @ Social Network

परिस्थिती जस्तो सुकै होस् खुशी रहने प्रतिबद्धता गर्नु पर्दछ,
किनकी सुख र दु:ख हाम्रै सोचाइमा निर्भर गर्दछ ।
(तुल्सा बस्यालको फेसबुक स्टाटस https://www.facebook.com/tulsa.bashyal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

राष्ट्रिय सहमतिको आधार पृथ्वीविचार

खगेन्द्रराज सिटौला

> *सहमतीय प्रजातन्त्र भनेको कसैका केही छोड्दै कसैका केही जोड्दै साझा घोषणा पत्रबाट मुलुक तथा सरकार चलाउने विधिलाई सहमतीय प्रजातन्त्र बुझिनु पर्दछ । संसदमा प्रतिनिधित्व सबैको सरकारमा विचार सबैको सिद्धान्तबाट सहमतीय प्रजातन्त्र सञ्चालित हुने हो । अनैतिक र बेइमान दल तथा नेताहरु भए भने सहमतीय प्रजातान्त्र मात्र होइन मुलुक पनि असफल हुन्छ । नेपाललाई त्यही दिशातिर धकेल्दै छन अयोग्यहरुले । तर सहमतिको नाममा दल तथा नेताहरुका स्वार्थका दस्तावेजहरु संविधनमा थोपार्न खोजियो भने चाहिँ त्यो मुलुकको लागि संविधान हुँदैन । संविधान कुनै दलहरुको स्वार्थ पकाएको खिचडी होइन जो सहमतिको आवरणमा मुलुकको लागि दुर्गतिको कारण होस् । र मुलुक पनि कुनै दल वा नेता विशेषको कोठेबारी होइन जहाँ उनीहरुका निजी स्वार्थको मात्र खेती गरियोस् र बाली उमारियोस् । संविधान राष्ट्रिय स्वार्थको समष्ठिको दस्तावेज हुनपर्छ जसले एकैपल्ट देश र जनतालाई सुरक्षा, खुशी र समृद्धिको आधार दिन सकोस् ।*

नेपालमा यति धेरै राष्ट्रिय सहमतिको राग अलापी रहेका छन् नेताहरु । तर किन पुग्न सकिरहेको छैनन् त नेताहरु कुनै सहमतिमा? छलफलको मूल विषय यसैलाई बनाउँ आज । यसको मूल कारण हो नेताहरुले सहमतिको मूल आधार फेला पार्न सकेका छैनन् । सत्ता बाँडफाँट, नियुक्तिमा कोटा बाँडफाँट, सम्पत्ति सुविधामा काले काले मिलेर खाउँ भालेलाई सहमति चिनाउँदै आएका छन् नेपालका ठूला दल र नेताहरुले व्यवहारबाट चाहिँ । सहमति भनेको साझा विचार बनाउनु र एक भएर मुलुकलाई अगाडि बढाउनु हो । तर नेपालका दल तथा नेताहरुले सहमतिको आधार फेला पार्न नसकेर आ आफ्नो डम्फू मात्र बजाई रहेका छन् । यो पाराले दलहरु कहिल्यै सहमतिमा पुग्न सक्दैनन् । राष्ट्रिय सहमति भनेको साझा मुलुकको हितमा साझा विचार साझा लक्ष साझा नीति कार्यक्रमलाई बुझ्नु पर्दछ । संविधान यही भावनालाई मूर्तरुप दिने साझा दस्तावेज हुनु पर्दछ । मुलुकलाई बाँड्ने जनतालाई भाँड्ने र राष्ट्रिय एकतालाई कमजोर पार्ने विचार राष्ट्रिय सहमतिको आधार हुन सक्दैन । मुलुकलाई जोड्ने गरिबी, असमानता विकृति विसंगति भ्रष्टाचारलाई तोड्ने विचार खोज्ने र त्यसैलाई राष्ट्रिय सहमतिको आधार बनाउने हो । अमूर्त राग अलापेर राष्ट्रिय सहमतिको आधार फेला पार्न सकिँदैन । राष्ट्रिय चिन्तनधारमा आधारित भएको सहमतिको विचारमार्गले मात्र नेपाल र नेपालीलाई बलियो बनाउने हुँदा अहिलेको राष्ट्रिय आवश्यकता भनेको त्यस्तो मार्ग पहिल्याउनु नै हो । यहाँ त्यही सहमतिको विचारमार्गको खोजी गर्ने कोशिस गरौं ।

पंक्तिकारको २०५८ सालमा नै तेस्रो विश्वको प्रजातन्त्र भन्न सकिने सहमतिको राष्ट्रिय प्रजातन्त्रको व्याख्या सहित लेख प्रकाशित भएको थियो एक सप्ताहिकमा । त्यस यता नेपाली राजनीतिमा भाषण र लेखमा सहमति शब्द नभएको शायदै होला । मानो सहमति नून हो जो हरेकका हरेक भाषणका तरकारीमा यो अनिवार्य होस् । सहमतीय प्रजातन्त्र भनेको कसैका केही छोड्दै कसैका केही जोड्दै साझा घोषणा पत्रबाट मुलुक तथा सरकार चलाउने विधिलाई सहमतीय प्रजातन्त्र बुझिनु पर्दछ । संसदमा प्रतिनिधित्व सबैको सरकारमा विचार सबैको सिद्धान्तबाट सहमतीय प्रजातन्त्र सञ्चालित हुने हो । अनैतिक र बेइमान दल तथा नेताहरु भए भने सहमतीय प्रजातान्त्र मात्र होइन मुलुक पनि असफल हुन्छ । नेपाललाई त्यही दिशातिर धकेल्दै छन अयोग्यहरुले । तर सहमतिको नाममा दल तथा नेताहरुका स्वार्थका दस्तावेजहरु संविधनमा थोपार्न खोजियो भने चाहिँ त्यो मुलुकको लागि संविधान हुँदैन । संविधान कुनै दलहरुको स्वार्थ पकाएको खिचडी होइन जो सहमतिको आवरणमा मुलुकको लागि दुर्गतिको कारण होस् । र मुलुक पनि कुनै दल वा नेता विशेषको कोठेबारी होइन जहाँ उनीहरुका निजी स्वार्थको मात्र खेती गरियोस् र बाली उमारियोस् । संविधान राष्ट्रिय स्वार्थको समष्ठिको दस्तावेज हुनपर्छ जसले एकैपल्ट देश र जनतालाई सुरक्षा, खुशी र समृद्धिको आधार दिन सकोस् । बाह्य, दलीय र निजी स्वार्थ समेतको जालोमा जेलिएको कारणले नेपालमा सहमतिको संविधान बन्न नसकेको हो । यदि सहमतिको नाममा यी स्वार्थहरुको साझा सहमतिको दस्ताबेज भएर आएको संविधान नेपालको न हित ठहर्छ न जित ठहर्छ केवल नेपाल सक्ने बिष मात्र ठहर्छ । यसैको लागि नेपाली जनताले अभूतपूर्व चनाखो र संगठित हुनुपर्ने दिन आएको छ देश र दुनियाँको भविश्य जोगाउनको लागि । नेता तथा दलहरुको आवरण नक्कली भएसम्म सहमतिको राग अलाप्नुको कुनै अर्थ हुँदैन । आवरण नक्कली, देखाउने सपना पनि नक्कली भएपछि सहमतिको देखाउने दाँत पनि नक्कली हुने नै भयो । एउटा दक्षिण जानै पर्ने अर्को उत्तर जानै पर्ने अर्को पूर्व र अर्को पश्चिम जानै पर्ने जिद्दीमा कुन दिशामा सहमति हुने ?

अहिले नेपालको राजनीति यस्तो चौबाटोमा उभिएको छ । यसको मुल कारण भनेको नेता तथा दलहरु परवादी हुनु नै हो । परहरुको इशारामा नाच्ने दलहरुको सोच र व्यवहारमा आमुल परिवर्तन नआएसम्म संविधान, शान्ति विकास र समृध्दि नेपाली जनताको लागि अकासको फल आँखा तरी मर भइरहेको हुनेछ । जबसम्म नेपालका नेता तथा दलहरु नेपालको विकास शान्ति समृद्धि र राष्ट्रिय एकताको लागि सहमतिको मार्ग राष्ट्रिय चिन्तनधारलाई बनाउन सक्दैनन् तबसम्म यी सबै फोस्रो राग भइरहन्छन् । नेपाली जनताले केही पाउन सक्दैनन् । दुख मात्र पाइरहन्छन् । सुखको बाटो छैन त नेपालीसँग ? छ अवश्य छ । नेपालको राजनीतिमा लामो समयदेखि नेतृत्वदायी हैसियत बनाइरहन सफल नेपाली कांग्रेस विपीको विचारमा सबैथोक छ । वीपीको विचारलाई राष्ट्रिय सहमति र समृध्दिको आधार बनाउन चाहन्छ । सबै कम्युनिष्टको मत एकै ठाउँमा राख्ने हो भने नेपालमा सबभन्दा ठूलो जनमत कम्युनिष्टहरुको हुन्छ । उनीहरु मार्क्सवाद लेनिनवाद वा माओवाद आदिको वरिपरि मात्र समृद्धि र सहमतिको आधार देख्छन् । कोही जातको, कोही समतलको कोही क्षेत्रको कोही राष्ट्रवादको राजनीतिमा रमाउने र त्यसैमा सहमति र समृद्धि देख्नेहरु पनि छन् । यी सबैमा आंशिक सत्यता भेटिन्छ । नेपालका ठूला साना सबै राजनीति दलहरुका सकारात्मक पक्षलाई एकैठाउँमा राख्ने हो भने एउटा साझा विचारको आधार फेला पार्न सकिन्छ । के हुन सक्छ त्यो साझा विचार ?

पृथ्वीविचार हुनसक्छ साझा विचारको आधार । सबै दलका न्यूनतम लक्ष चाहनालाई पृथ्वीविचारले सम्बोधन गर्न सक्ने हुनाले यो मात्र राष्ट्रिय सहमतिको आधार हुनसक्छ । राष्ट्रिय सहमतिको राग अलापेर नथाक्ने कसैको पनि यतातिर ध्यान गएको छैन । अब जानु पर्दछ । नेपाल सबै जातको फूलबारीको मर्म सबैको हक र हैसियत बराबरी हो भन्ने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको बहुचर्चित भनाइलाई पक्रेर नेपालमा सहमतिको आधार फेला पार्न सकिन्छ । यो आफैंमा समानता, समावेसी एकताको विचार हो बहुजाति, बहुभाषा, र बहुसाँस्कृति भएको नेपालमा । दलहरु सरकारमा जान चाहन्छन् सुशासन र समृद्धि दिन चाहन्छ सामजिक न्याय दिन चाहन्छन् सबै किसिमले बलिया जनताको बलियो मुलुक बनाउन चाहन्छन् भने यो सबै पृथ्वीविचारमा छ । छिमेकीसँग सन्तुलित सम्बन्ध नेपालको हितमा छ भन्ने उनको विचारमा असहमति जनाउने को होला ? जनतालाई सीप सिकाएर गुणस्तरीय उत्पादन गर्ने, स्वदेशी उत्पादको प्रयोग गर्ने, निर्यात गर्ने विदेशी मुद्रा आर्जन गर्ने उनको स्वदेशी अर्थतन्त्रलाई बलियो बनाउने विचार किन हुन सक्दैन आर्थिक सहमतिको आधार । बहुसंख्यक जनताले रुचाएको सबै भन्दा योग्यले नेतृत्व र सुशासन दिने योग्य लोकतन्त्र प्रति कसको पनि नहोला असहमति । आफ्ना देशका सबै भाषा, धर्म, रीति रिवाज, संस्कृति विस्तार र विकासमा जोड दिने पृथ्वीविचार सबैको साझा र स्वीकार्य विचार हुनसक्छ सबैको लागि यो क्षेत्रमा पनि । राष्ट्रप्रति इमान्दर छन् भने दल र नेताहरु पृथ्वीविचारमा सहमतिको आधार खोज्नु सक्छन् । इमान्दार छैनन् भने दुखियाको नाममा अनेक नाम र पहिचानका यी भ्रष्ट परवादी शोषक मुखियाहरुले देश दुनिया बर्बाद पार्ने खेल खेलिरहन्छन् । नेपालका दल तथा नेताहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक भ्रष्टाचारमा आफ्नो हिस्सेदार जाहेर नगर्ने हो भने सहमतिको साथ भ्रष्टाचार विरोधी पृथ्वीविचारको झण्डा फहराउन यिनलाई कुनै आइतबार नहुनु पर्ने हो । तर आवरणमा होइन सारमा भ्रष्टाचारका सरदार दल तथा नेता नै भएकोले यिनीहरु भ्रष्टाचार विरोधी पृथ्वीविचारलाई सहमतिको आधार बनाउन चाहँदैनन् । आर्थिक क्रान्ति, दिगो विकास, सुशासनको आधार पृथ्वीविचार हुनसक्छ । पृथ्वीविचार सबै भ्रष्ट दरबार माथिको धारिलो तरबार भएकोले नेताहरुले यसलाई आफूमाथिको पनि तरबार ठान्ने हुनाले यसलाई सामान्ति विचार भनेर टाढा धकेल्नु नै आफ्नो हितमा भएको सम्झन्छन् ।

नेपालका नेताहरु पनि अचम्मका छन् जहाँ सहमतिको आधार भेटिन्छ त्यहाँ सहमतिको खोजी गर्दैनन् । जहाँ सहमतिको आधारै हुँदैन त्यहाँ सहमतिको नाटक गरेर दुनियाँलाई मूर्ख बनाउँछन् । कुमतिका नेताहरुमा सुमति नआएसम्न न सुशासन न सहमति नै हुनसक्छ । स्वतन्त्र नेपालमा स्वभिमानी र सम्पन्न भएर चन्द्र सूर्य अंकित झण्डा फहराएर युगौं युगसम्म रमाएर बस्न चाहने सबै नेपालीको चाहनालाई मूर्तरुप दिने हाम्रो राम्रो पृथ्वीविचार हो । यही नै साझा राष्ट्रिय सहमतिको आधार हो सबैमा चेतना भया ।

-डिसी नेपाल डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : आर्थिक संकटले गर्दा मनमा अशान्ति र छट्पटी व्याप्त हुनेछ ।
वृष : टाढाका नातागोता वा परिवारजनसँग भेटघाट र सम्बन्ध सुमधुर हुनेछ ।
मिथुन : नजिकको व्यक्तिबाट अँटिको काम सफल हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ।
कर्कट : स्वादिष्ट भोजन पाइनेछ, तर स्वास्थ्य प्रति खर्च बढ्न सक्छ ।
सिंह : महत्त्वपूर्ण अवसर गुम्न सक्छ । स्वास्थ्य मापदण्ड पूरा गर्नु पर्छ ।
कन्या : शुभ कार्यको चर्चा चल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्ला ।
तुला :मनोरञ्जनमा सहभागी भइएला । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।
वृश्चिक : महत्वपूर्ण अवसर गुम्न सक्छ। खानपिनमा पनि विचार गर्नुहोला ।
धनु : कार्य सम्पादनमा समस्या आउला। महत्वपूर्ण अवसर गुम्न सक्छ ।
मकर : कला साहित्य तथा संगीतमा रुचि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ।
कुम्भ : धनार्जनका नयाँ स्रोतहरू फेला पर्नेछन् । काम गर्ने हौसला मिल्नेछ ।
मीन : नयाँ कामको योजना बन्नेछ । काम गर्ने जोशजाँगर र उमङ्ग बढ्नेछ।

बाल बाटिका

ज्ञानगुन

१, नेपालको नैनीताल भनेर चिनिने प्रसिद्ध धार्मिक स्थल कुन हो ?
(क) बराह क्षेत्र (ख) मुक्ति क्षेत्र (ग) नवलपरासीको त्रिवेणी धाम (घ) गोसाईंकुण्ड

२, मध्य पहाडी लोकमार्गमा सबैभन्दा बढी भाग पर्ने जिल्ला कुन हो ?
(क) धादिङ (ख) बागलुङ (ग) गोरखा (घ) दैलेख

३, मदन पुरस्कार २९७९ बाट पुरस्कृत हुने साहित्यकारको नाम के हो ?
(क) नवराज लम्साल (ख) मुन पौडेल (ग) डा. देवीप्रसाद सुवेदी (घ) विवेक ओझा

४, विश्वको सबैभन्दा ठूलो सौर्य टेलिस्कोप सेट बनाउने देश कुन हो ?
(क) जापान (ख) चीन (ग) रुस (घ) अमेरिका

५, महाभारका प्रसिद्ध पात्र घटोत्कच कसका छोरा हुन् ?
(क) अर्जुन (ख) सहदेव (ग) भीमसेन (घ) युधिष्ठिर

६, जापानी वैज्ञानिकहरूले हालै अन्तरिक्षमा कुन जीवको भ्रुण विकास गर्न सफलता पाएका थिए ?
(क) बिरालो (ख) मुसा (ग) चिम्पान्जी (घ) कुकुर

७, सखिया कुन समुदायमा प्रचलित नाच हो ?
(क) थारु (ख) थामी (ग) गुरुङ (घ) मगर

८, नेपालले गैह्रआवासीय नागरिकलाई गैह्रआवासीय नेपाली नागरिकता दिन कहिलेदेखि सुरु गरेको हो ?
(क) २०८० साल असोज २७ गते (ख) २०८० साल असोज २८ गते (ग) २०८० साल असोज २९ गते
(घ) २०८० साल असोज ३० गते

९, राणाकालमा निजामतीतर्फको सबैभन्दा माथिल्लो पद कुन थियो ?
(क) बडाकाजी (ख) मीरसुब्बा (ग) मुन्सी (घ) खजान्ची

सही उत्तर
१-(ग), २-(ख), ३-(घ), ४-(ख), ५-(ग), ६-(ख), ७-(क), ८-(घ), ९-(क)

-साभार : रातोपाटी डटकम

रिब्दीकोट गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

मणी प्रसाद खनाल	कान्ता अधिकारी	नारायण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत	उपाध्यक्ष	अध्यक्ष

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

निबन्ध

श्रीओम श्रेष्ठ रोदन

ठिक भएकै हो त !

जे भयो ठिकै भयो, जे हुँदैछ ठिकै हुँदैछ र जे हुनेछ त्यो पनि ठिकै हुनेछ । यो सार हो गीताको । जसरी पढ्यो त्यसरी बुझ्न सकिने । जसले जति अनुभूति गर्नसक्यो त्यति नै धेरै थाहा पाउने । इनारजस्तो जति खन्यो त्यति गहिरो हुने । चित्त बुझाउनु मान्छेको विशिष्ट गुण हो । जानेर आफ्नो आँखामा कसैले मोतिबिन्दु रोपाइँ गर्दैन । मान्छे सकुन्जेल आँखामा नै फुल्न खोज्छन् । आँखामा पौडिन कोही चाहँदैनन् । क्षितिज देखिनासाथ यात्रामा पूर्णबिराम लगाउँदैनन्, कसैले पनि । तर उज्यालोसँग हिँड्दा पनि लडिन्छ कतिपटक । परीक्षा दिएकै भरमा सबै सफल हुँदैनन् । गन्तव्य निश्चित भएरै पनि बिथोलिन्छन् बटुवाहरु । हतियार बोकेकै भरमा शक्तिशाली कोही हुँदैनन् । वैद्य र डाक्टरसँग रोगको साक्षात्कार हुन नहुने कुनै लिखत छैन । निश्चित भएर हिँड्नसक्ने मान्छेको कुनै जात छैन । तर पनि प्राप्ति, खुसी र सुखका लागि अनवरत सैर्षरत छन् मान्छेहरु । मानव नियतिहरु रहरले र निम्तो बाँडेर आउँदैनन् । वाध्यताको ताल्चा बन्द भएपछि साँचो नपाउन्जेल कोठामा थुनिनै पर्छ । सहनु र स्वीकार गर्नु पराजयको धर्म नै त हो । घाउ नहुनु बेस तर घाउ लागिसकेपछि पुरिन धेरै थोरै समय लाग्छ नै । यो समयको क्षणलाई धैर्य गर्न सक्नुपर्छ । यही शालीनताको पाठलाई गहिरिएर भनेकोजस्तो लाग्छ गीताले । सानो घाउमा नचिच्याऊ । सानो हुरीसँग नबहकिऊ । अलिकति काँडासँग नडराऊ । अप्ठेरोहरुसँग नआत्तिऊ । यी सब परीक्षा हुन् जीवन यात्राका । त्यसैले नै भनिएका होलान्- हिजो गरेको गल्तीको पश्चाताप गरेर समयलाई नदी बनाउनु हुँदैन । अप्रिय कुनै घटना घटेको भए पनि त्यसको दु:खमा आहाल बसेर आँसुको मूल सुकाउनु हुँदैन ।

व्यतीत दिनहरु भन्दा बिताउनु पर्ने दिनहरु आकाशजस्तो ठूलो र सफा हुन्छ । समयमाथि असिना पार्नु भन्दा अझ धारिलो पार्नका लागि भनेको होला- गीताले नै जे भयो ठिकै भयो । भोलिका लागि पछाडि फर्कनु दुर्घटनालाई काखमा राख्नुजस्तै हो । आजको थकाइले भोलि अगाडि बढ्छ भन्ने कुनै नजिर छैन । भोलि हिँड्नका लागि आजै खन्नुपर्छ बाटो । हीनता र दु:खमा भिजिरहने हो भने घामको आशा गर्नुको औचित्य रहँदैन । त्यसैले उत्साहको स्रोत बनेको छ गीता- आज जे हुँदैछ ठिकै हुँदैछ, भोलि जे हुनेछ राम्रै हुनेछ । यी पुराण मान्यतालाई पश्चिमी विज्ञानले कहिले पछाडि पार्नसकेका छैनन् । दूरदृष्टि र ज्ञानले लफ्रक्कै भिजेका छन् पूर्वीय शब्द-शब्दहरु । यत्ति हो कि हामी हलुको स्वीकार गर्दछौं गहुङ्गो छ कि भनेर जाँच्दैनौं । पढेका कुराको जोड, घटाउ, गुणन गर्दैनौं । त्यसैले दुर्लभ बनेका छन् हाम्रा महान् शास्त्रहरु । जे भयो ठिकै भयो भन्ने प्रचलन जिउँदैछ । यो गीताको प्रभावबाहेक सान्त्वना र औपचारिक भएर पनि हुनसक्छ । घटना बाइस वर्ष अघि पुसको अन्त्यतिरको हो । म कुमारी सिनेपत्रिकाको लागि नायिका गौरी मल्लसँग अन्तर्वार्ता लिन बाँसबारी गएको थिएँ । फर्कदा कलाकार वीरेन्द्रप्रतापको निर्माणाधीन घर हेर्न गएको थिएँ । त्यही बेलामा म घरमाथिबाट सडकमा नराम्रोसँग पछारिएँ । शिक्षण अस्पतालको आकस्मिक कक्षमा उपचार गरेर घर फर्किएँ । सद्धे निस्केको मान्छे दुर्घटनाग्रस्त भएर फर्किएको थिएँ । के गर्नु ? दैलो नाघेपछि ढुक्क हुने कुनै ठाउँ छैन अहिले । जतासुकै अदृश्य डरलाग्दा सम्भावनाहरु मडारिरहेका छन् । जस्तोसुकै सम्भावनालाई पनि हत्केलामा राखेर हिँड्नुपर्छ । त्यसो त मान्छे संसारको जस्तोसुकै ओढारभित्र लुकेर बसे पनि सुरक्षा र असम्भवको गोरेटोमा हिँडिरहन कहिल्यै सकिँदैन । दुर्घटनाले मेरो दाहिने हातलाई पूरापूर डेढ महिना घाइते बनायो । कलमलाई हलो बनाएर खेती गर्नुपर्ने दाहिने हात प्रयोगहीन भएको पीडा कसलाई भन्न सक्थेँ म ! डेढ महिना डेढ वर्ष नै बने मेरा लागि । फरकफरक मित्रहरुका समान प्रश्न हुन्थे, कहाँ ? कहिले ? कसरी ? अरु बढी त केही भएन ? धन्य ठिकै भएछ । यस्ता औपचारिकताले म थाक्नसम्म थाकेको थिएँ । मैले खप्नुपरेको पीडालाई सामान्यीकरण गर्थे र बढी भयावह नभएकोमा खुसी प्रकट गर्थे मेरा मित्र र शुभचिन्तकहरु । मलाई लाग्यो, यदि मेरो हात ठनक्कै भाँचिएको भए भित्री अङ्गमा केही नभएकोमा ठिकै भएको आशय प्रकट गर्थे निकटस्थहरु । यदि थिलोथिलो भएर अस्पतालमा इन्तु न चिन्तु अवस्थामा भएको भए पनि शीघ्र स्वास्थ्य लाभका कामना गर्न आउनेहरुले सहानुभूतिपूर्वक अवश्य भन्थैँ - आत्तिनु पर्दैन, जे भयो ठिकै भयो, धन्य भगवान्ले हात थापिदिएछन् । संयोगले त्यही दुर्घटनामा मेरो मृत्यु नै भएको भए पनि परिवारलाई सान्त्वना दिन अवश्य भन्ने नै थिए - हुने कुरा भइसक्यो । पीर गरेर केही हुँदैन । राम्रो मान्छेलाई भगवान्ले पनि छिट्टै मन पराउँछन् । र, तिथि पला राम्रो जुरेको देखाउँदै मृत्यु राम्रो दिन भएकोमा जोड दिन्थे भजबभजब। कोहीले त धेरै बाँचेर केही गर्न नसक्नु भन्दा यो उमेरमा उसले धेरै गरेर गएको छ । उसको जीवन सार्थक भएको छ भनेर मरेको नै ठिक भएको वकालत गर्न पनि पछि पर्दैन थिए । सन्दर्भ मेरा भए पनि सबैका सत्य हुन् । यसरी हामी सबै अरुका लागि मात्र औपचारिक जीवन बाँचिरहेका छौं । मान्छे भएको नै सहन र सान्त्वना दिन त हैन ? सहनशीलताका सगरमाथाभन्दा अग्ला शिखर उक्लन सकेकाले नै मान्छे मान्छेजस्ता बन्न सकेका होलान् । जतिसुकै ठूला र डरलाग्दा घटनाले पुरिँदा पनि खोस्रोखोस्री निस्किरहेका छन् मान्छेहरु । बाँच्ने लालसाले मान्छे आफै बाँधिरहेका छन् । त्यसैले मान्छे पैतालादेखि तालुसम्मको पीडामा पोतिए पनि सहनसक्छन् । जस्तै दुर्दिनमा पनि मन बुझाउन सक्छन् । बाँच्ने मोहले नै होला जे हुने गरेको छ, भएको छ, ठिकै भएको छ । बाँच्नुजस्तो ठूलो मोह अरु केही हुन्नरैछ । मान्छेहरु आफू जस्तै अर्को मान्छेको रगत, मिर्गौलाहरु किनेर बाँचिरहेका छन् ।

जीवन किनेर जीवन बाँच्छन् मान्छेहरु । जे जसरी भए पनि आफै बाँच्नुपर्ने मान्यता कति मीठो स्वादका होलान् ? यस्तो अनौठो मातको काउकुती छ मभित्र । आफू जसरी पनि बाँच्नुपर्ने, अरुकाचाहिँ जे भए पनि ठिकै हुने । यो न्याय हो कि अन्याय ? कहिले बुझौंला र मैले ? वास्तवमा जीवनको आफ्नो लय हुन्छ । निश्चित गति हुन्छ । निश्चित गन्तव्य हुन्छ । हतारिएर छिटो हुने, नहतारिए ढिलो हुने हुँदै होइन । जीवनको आफ्नो समय हुन्छ । जसरी सानो विरुवालाई छिटै ठूलो बनाउन धेरै मलजल गरेर सम्भव हुँदैन । त्यसरी नै जीवन अगाडि वा पछाडि धकेलेर घटबढ गर्न सकिँदैन । सबैलाई थाहा भएकै कुरा हो । आगोले जतिसुकै ठूलो फुर्ती गरे पनि पानी बन्न सक्दैन । पानीले जति नै ठूलो समुद्र बने पनि एक झिल्का आगो निकाल्न सक्दैन । खोलालाई कसैले बाटो खनिदिनु पर्दैन । मान्छेलाई मान्छेको शिलान्यास गर्न कुनै जमात चाहिँदैन । ओठ सिएर र आँखा चलाएर रुन कसैलाई सिकाउन पर्दैन । सबैभन्दा ठूलो धैर्य हो । दु:ख पचाउन सक्नेका निम्ति असम्भव के नै पो हुन्छ र ? औपचारिक जागिर मैले ०३८ सालतिर खाएको थिएँ । काम लेखापरीक्षकको सहायक । काठमाडौं र पाल्पाका विद्यालयहरुमा लेखापरीक्षण गर्नु पर्ने । जागिर र घर छाडेर एक्लो यात्रा पहिलोपटक गरेको थिएँ । एकैपटक दसैंको लागि घर फर्किन लागेको थिएँ घटस्थापनाको दिन । त्यो दिन बिहानदेखि मुसलधारे पानी परिरहेको थियो । आकास नै फुटेर वर्षेकोजस्तो पानी । पानीसँग रुझेरै बस अगाडि बढ्दै थियो सुस्तरी । आधाघन्टा पनि नहुँदै बस रोकियो । सडक पहिरोले थुनिएर पहाड बनेको रहेछ । अगाडिका बाटाहरुमा कतै पुल भाँचिएका रे । कतै कलभर्ट खसेका रे । मौखिक सञ्चार हुनथाल्यो । दसैंको मुखमा सबैलाई घर पुग्न हतारो थियो । बाटो नबनुन्जेल कुर्ने हो भने दसैंमा घर पुग्नुसक्ने सम्भावना नै थिएन । त्यसैले हिँड्नुभन्दा अर्को विकल्प थिएन । म एक्लै फर्किंदै थिएँ । कोही कसैसँग परिचय थिएन मेरो । तर आपद परेपछि सबै एकापसमा परिचितझैं बन्यौं र पाँचजना मिलेर अगाडि बढ्यौं । हामीले हिँडेको चौथो दिनमा चरौदी आइपुगेपछि बल्ल ट्रक चढेर काठमाडौं पुगेको थिएँ म ।

त्यो समय बाढी, पैह्रो र मृत्युको समाचारले कोलाहल बनेको थियो । म भने सूचनाहीन भएकोले परिवारलाई पिराउनु र आफू पिरिनुको विकल्प थिएन कुनै । पाल्पाबाट हिँडेको पाँचौं दिन काठमाडौं ‘घर’ आइपुग्दा युद्धबाट सकुशल फर्केको योद्धाजस्तो बनेको थिएँ म । इष्टमित्रहरु सहानुभूतिका लागि भेट्न आएका थिए । तर पुष्प दाइले चाहिँ जे भयो ठिकै भयो राम्रो भयो । यस्तो अनुभव पछि रहर गरेर वा पैसाले पाउन सकिँदैन भन्नुभएको थियो । उहाँको कुरा सबैका भन्दा पृथक थियो । अलि खस्रै लागेको थियो त्यतिबेला । तर पछि बुझें दाइको गहिरो कुरा । अहिले सोच्छु दाइको भनाइ गीताको सारभन्दा पटक्कै फरक रहेनछ । मेरो लागि मन्त्र बनेको छ दाइ र गीतासार । आजका हरेक घटनाहरु भोलिका लागि अनुभव र उदाहरण नै त हुन् नि । सहनु र स्वीकार्नु हाम्रो भाग्य बनिसकेको छ । सपनाको समुद्रमा पौडेर भएका श्रीसम्पत्ति लिलाम गर्छौं हामी । आँखा चिम्लेर पराया देशमा होमिन्छौं र सपना च्यातिएपछि मोहभद्र भएर फर्कन्छौं । त्यसपछि बल्ल भाग्यलाई दोष लगाउँछौं । हत्केलामा ज्यान राखेर परायासँग परायाका लागि लड्ने र बाँचे पेन्सनमा बाँच्ने संस्कृति बनेको छ हाम्रो । यस्तै छौं हरेक ठाउँमा हामी । अनुभव, उदाहरण, सान्त्वनाभन्दा बढी गीतासार र गीतासारभन्दा बढी मानवीय प्रवृत्ति र परम्परा बनेका छन् । विकासे टुसाजस्ता । भाते युद्धजस्ता । ओइलाएको गुराँसजस्ता । ढाक्रेको बच्चाले आमाको लाम्टा चुस्ताचुस्तै दाम्लो बाँध्न निधारमा तेल ठोक्न मानेजस्ता बनेका छौं हामी र हाम्रो समाज । जे भयो ठिकै भयो, जे हुँदैछ ठिक हुँदैछ र जे हुनेछ त्यो पनि ठिकै हुनेछ । कतै यो मात्र सहने र स्वीकार्ने मनस्थितिहरुको सुरक्षाकवच त हैन ?

-साहित्यपोस्ट डटकम

लोकदोहोरी दिवस

पाल्पामा कलाकारले गराए असहायलाई भोजन

पाल्पा, फागुन ३०/लोक तथा दोहोरी गीतको क्षेत्रमा क्रियाशील पाल्पाका कालाकारले आश्रममा रहेका असहाय वृद्धवृद्धाहरुलाई भोजन गराएका छन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पा शाखामा आवद्ध कलाकारहरुले पाल्पाको तानसेनस्थित निलसागर सेवा आश्रममा पुगेर असहाय, अशक्त तथा जेष्ठ नागरिकहरुलाई एक छाक भोजन गराएका हुन् ।

प्रतिष्ठानको २३ औं स्थापना दिवस तथा लोकदोहोरी दिवसका अवसरमा कलाकरहरुले त्यहाँ रहेका २२ जना असहाय, बेसहारा, वृद्धवृद्धा र मानसिक रूपले विक्षिप्त व्यक्तिलाई एक छाक भोजन गराएका हुन् । असहाय, बेसहारा, वृद्धहरुसँग माया र सद्भाव साट्ने उद्देश्यले आश्रममै पुगेर स्थापना दिवस मनाइएको प्रतिष्ठानका जिल्ला अध्यक्ष कमल भट्टराईले बताए । उनले भने 'बेसहारा भई आश्रममा पुगेका आमाबुवाहरुलाई एक छाक भए पनि खाना खुवाएर उनीहरुप्रति सम्मान र आदर प्रकट गरिएको हो ।' जिल्लाको टिमसँगै आश्रममा पुगेका प्रतिष्ठानका केन्द्रीय उपाध्यक्ष तथा लोकदोहोरी गायक खुमन अधिकारीले असहाय, बेसहारा, वृद्धवृद्धाप्रति पाल्पाली कलाकारले देखाएको सद्भाव प्रशसनिय रहेको बताए । उनले प्रतिष्ठान पाल्पा शाखाले अनुकरणीय कार्य गर्दै आएको भन्दै आगामी दिनमा देशकै उत्कृष्ट शाखाको रुपमा केन्द्रले निर्णय गर्न पाओस् भन्दै प्रतिष्ठानको सफलताको शुभकामना समेत व्यक्त गरे । निलसागर आश्रम सञ्चालक समितिका सदस्य रामप्रसाद भट्टराईले कलाकारहरुले आश्रममा रहेका नागरिकहरुप्रति देखाएको माया, दया करुण र सद्भावको प्रशंसा गर्दै धन्यवाद दिए । उनले सहयोगी दाताहरुको सहयोगमा आश्रम सञ्चालन गर्दै आएको बताए । सदस्य भट्टराई भने 'हामीले सहयोगीहरुबाटै वृद्धवृद्धाहरुको व्यवस्थापन गर्दै आएका छौं, अहिले उहाँहरुलाई खानाको व्यवस्थापन गर्न निकै धौं-धौं भएको छ ।' आश्रमको व्यवस्थापनका लागि स्थानीय, प्रदेश र संघीय सरकारको ध्यान जान सकेमा केही भए पनि सहज हुने उनले बताए । आश्रममा पुगेका कलाकारहरुले भोजन पश्चात भजनकिर्तन गरी मनोरञ्जन समेत प्रदान गरेका थिए । उनीहरुले आश्रममा रहेका आमा बुवाहरुलाई सम्बोधन गर्दै भजनकिर्तन गरेका हुन् । कलाकारहरुले गाएको भजन गीतमा आश्रममा रहेका आमाबुवाहरु उत्साहित हुँदै कलाकारसँगै नाचेका थिए । आश्रममा प्रतिष्ठानका केन्द्रीय उपाध्यक्ष तथा लोकदोहोरी गायक खुमन अधिकारी, केन्द्रीय सदस्य गायिका रुपा जिएम, प्रतिष्ठान लुम्बिनी प्रदेशकी सचिव तथा प्रतिष्ठान पाल्पाकी पूर्व अध्यक्ष रेखा विष्ट, प्रतिष्ठान प्रदेश सदस्य समीक्षा ठाडा, गायीका विष्णु पन्त, प्रतिष्ठान पाल्पाका सल्लाहकार तथा तानसेन-६ का वडा अध्यक्ष सागरमान महर्जन, प्रेस सल्लाहकार यज्ञमूर्ति तिमिल्सीना, रामचन्द्र रायमाझी लगायतका व्यक्तिहरु आश्रममा पुगेका थिए । कलाकारहरुले भोजन गराएकोमा आश्रममा रहेका बुवाआमाहरु उत्साहित भएका थिए । औपचारिक कार्यक्रम प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईको अध्यक्षता, उपाध्यक्ष रुपेश कार्कीको सञ्चालनमा भएको थियो । प्रतिष्ठान नेपालले पाल्पासहित देशभरं स्थापना दिवस तथा लोकदोहोरी दिवस मनाएको छ । मंगलबार प्रतिष्ठानका देशभरका शाखाहरुले विभिन्न रचनात्मक कार्यक्रम गरी स्थापना तथा लोकदोहोरी दिवस मनाएका हुन् ।

महोत्सवमा उत्कृष्ट हुनेहरु...

...यसैगरी प्रथम तानसेन महोत्सवमा स्थानीय लोकभजन प्रतियोगितामा आरती भजन समुह तानसेन प्रथम, शिव गण भजन तानसेन-९ द्वितीय, नागेश्र भजन समूह बगनासकाली ३ तृतीय र राष्ट्रिय भजन प्रतिष्ठान सान्तवना भएका छन् ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना भएका भजन टोलीलाई क्रमश नगद २० हजार, १५ हजार, १० हजार र ५ हजार पुरस्कार प्रदान गरेको तानसेन नगरपालिकाका प्रवक्त यादवसिंह कार्कीले बताए । यसैगरी विद्यालयस्तरीय नृत्य प्रतियोगितामा सरस्वती मावि तानसेन-७ प्रभास प्रथम भई नगद २५ हजार पुरस्कार पाएको छ । बेथल इङ्लिस बोडिङ स्कुल तानसेन-२ मेहलधारा द्वितीय भई नगद १५ हजार र दमकडा मावि तानसेन -९ दमकडा तृतीय भई १० हजार पुरस्कार हात पारेका छन् । यसैगरी वक्तित्वकला प्रतियोगितामा जनता माध्यमिक विद्यालयत तानसेन -३ प्रथम, शारदा मावि तानपा-८ मदनपोखरा द्वितीय बेथेल इङ्लिस बोडिङ स्कुल तानसेन २ मेहलधारा तृतीय र सेन्ट कपितानियो स्कुल तानसेन-३ सान्तवना भएका छन् । वक्तित्वकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः नगद ५ हजार, ४ हजार, ३ हजार र २ हजार पुरस्कार हात पारेका छन् । स्थानीय सरकारले गरेको महोत्सवमा तानसेनको कृषि उत्पादन, कला संस्कृति, बालबालिकाहरु बिच एक आपसमा वादविवाद तथा बहस गराएर प्रखरवक्ताको रुपमा विकास गर्ने, बालबालिकाहरुको प्रतिभा बाहिर ल्याउन नृत्य प्रतियोगिता गरिएको प्रवक्ता कार्कीले बताए । फागुन १९ गतेदेखि सञ्चालन भएको महोत्सव आज सकिदैछ ।

खेलकुद समाचार

त्रिदेशीय टी-२० को उपाधि पीएनजीलाई

काठमाडौं, फागुन ३०/नेपाललाई हराउँदै पपुवा न्युगिनि (पीएनजी) ले त्रिदेशीय टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलाको उपाधि जितेको छ । बुधबार भएको खेलमा पीएनजीले नेपाललाई ८६ रनले हराएको हो । पीएनजीले दिएको १ सय ७२ रनको लक्ष्य पछ्याएको नेपाल १६ ओभर ३ बलमा ८५ रनमा अल आउट भयो । नेपालका सन्दीप जोराले सबैभन्दा धेरै १७ रन बनाए । पीएनजीका कबुआ मोरे, चाद सोपर र सेसे बाउले समान २ विकेट लिए । यसअघि हङकङको मिसन रोड ग्राउन्ड मोङ कोकमा टस हारेर ब्याटिङ गरेको पीएनजीले २० ओभरमा ८ विकेट गुमाएर १ सय ७१ रन बनायो । पीएनजीका टोनी उराले ६१ र एली नाओले अविजित ३० रन बनाए । नेपालका आकाश चन्द र कुशल भुर्तेलले समान ३ विकेट लिए । मंगलबार भएको खेलमा नेपालले पीएनजीलाई र पीएनजीले घरेलु टोली हङकङलाई हराउँदै फाइनलमा पुगेको थियो । पीएनजीले मंगलबार दुई खेल खेलेको थियो । पहिलो खेलमा नेपालसँग हारेको पीएनजीले दोस्रो खेलमा हङकङलाई १० विकेटले हराएको थियो । यसअघि नेपाल र हङकङबीच आइतबार भएको पहिलो खेल वर्षाले स्थगित भएपछि एक/एक अंक बाँडिएको थियो ।

अर्थ/कर्पोरेट समाचार

सुन र चाँदीको मूल्य घट्यो

FINE GOLD
999.9
1000 g

पाल्पा, फागुन ३०/पछिल्लो केही दिन यता नेपाली बजारमा निरन्तर बढिरहेको सुनको भाउ मंगलबार भने घटेको छ । हालसम्मकै उच्च मूल्यमा पुगेको सुनको भाउ घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाल सुनको मूल्य प्रतितोला एक हजार घटेर प्रतितोला एक लाख २५ हजार कायम भएको छ । यसैगरी तेजाबी सुनको मूल्यमा पनि प्रतितोला एक हजारले कमी आई प्रतितोला एक लाख २४ हजार ४ सयमा कारोबार भइरहेको छ । चाँदी प्रतितोला ३० ले कमी भई प्रतितोला एक हजार चार सय ६५ मा कारोबार भइरहेको महासंघले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा सुन र चाँदीको मूल्यमा भएको सामान्य गिरावटसँगै त्यसको असर नेपाली बजारमा पनि देखिएको हो । नेपाली बजारमा १६ महिनामा सुनको मूल्य प्रतितोला करिब ३२ हजार बढेको छ । १७ कात्तिक २०७९ मा प्रतितोला ९३ हजार १ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । विगत २६ दिनमा सुनको मूल्य ८ हजार ५ सय रुपैयाँ बढेको देखिन्छ । फागुन ३ गते सुनको भाउ तोलामा १ लाख १६ हजार ५ सय रुपैयाँ थियो । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

Kaligandaki Rural Municipality
Office of Rural Municipal Executive
Purtighat, Gulmi

Invitation for Online Bids

Date of publication: 14th March 2024 (2080-12-01)

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the **below mentioned works** under National Competitive Bidding Procedures.
2. The details of the project is as follows:

S.N	Contract No.	Contract Name	Estimated Amount (Nrs) (Inclusive of VAT)	Bid Security Amount (Nrs)	Cost of Bid Document (Nrs)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time
1	KRM/W/080/81-07	Purtighat Jokhum RaniKharka Chalise Kerabari Chaiya Khanigaun Deaurali Road Maintenance Work	22,79,937.66	60,000	3,000	14th April 2024 12:00 PM	14th April 2024 2:00 PM
2	KRM/W/080/81-08	Purtighat Bhangkharka Damar Sireni Road	54,18,505.13	1,40,000			
3	KRM/W/080/81-09	Rakse Salphed Dwardhunga Bisauna Bhayakot Road	37,79,601.29	1,00,000			
4	KRM/W/080/81-10	Dhunwakhola HomeStay Byabasthapan	56,49,778.36	1,45,000			
5	KRM/G/080/81-03	Procurement and Supply of Steel Tubular Pole and transportation upto Roadhead	14,35,201.7	40,000	1,000	14th April 2024 12:00 PM	29th April 2024 2:00 PM

3. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi(Fascaline No. 9857089605, *website https://kaligandakimungulmi.gov.np/* or visit PPMO's website: www.bolpatra.gov.np/egp).
4. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई